# महाकाली नगरपालिका
## Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला,सुदुरपश्चिम प्रदेश, नेपाल

Khalanga Darchula,Sudurpashchim Province, Nepal

प.स.०७८/०७९ मितिः-२०७८/०७/२८

च.न. ( स्थानीय प्रशासन शाखा )

**बिषयः-खोरेत रोग सम्बन्धी सुचना ।**

महाकाली नगरपालिकाको वडा नं. २, ५,र ९ क्षेत्रमा पशु बस्तुहरुमा खोरेत रोगको लक्षण देखा परेको हुदा तपसिलको सवधानीहरु अपनाउन हुन सम्पुर्ण म.न.पा. क्षेत्रभित्रका कृषक दाजु,भाई दिदि, बहिनि हरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

**खोरेत रोगका लक्षणहरु**

- सर्वप्रथम बिषाणु को संक्रमण भैसकेपछि गाइभैसीको दूध ५०-६०% सम्म घट्न सक्छ र तापक्रम १०४-१०६डिग्री सम्म सम्म बढ्छ ।गाइबस्तु घासपानी नखाने, झोक्राएर बस्ने अनि बारम्बार खुट्टा उचालिरहने जस्ता प्राथमिक लक्ष्यणहरु देखाउन थाल्छन् ।
- खुरका बिचमा फोकाहरू देखिने, खुर वरिपरि सुन्निएर पशुले बारम्बार खुट्टा उचालिरहने र मुख भित जतातते र जिब्रो वरिपरि फोका उठ्ने जिब्रोको छाला निस्कने समस्या देखिन्छ
- लगभग दुई तीन दिनपछि मुख भित्रका र खुर बिच मा फोका फुटेर घाउमा हुनु

**असरहरुः**

- दुहुना पशुहरुमा तुरुन्तै थुनेलोको समस्या देखिनुको साथै आउने १ बेत सम्म पनि दूध उत्पदनमा ह्रास आउन सक्छ ।
- ब्याउने पशुहरुमा गर्भ तुहाउने र ससाना जनावरहरुको मुटुको मांशपेशीमा नकारात्मक असर पर्न गई मृत्यु समेत हुने सम्भावना हुन्छ

**रोगको उपचार र रोकथामः**

- संक्रमित पशुहरुलाई अन्य स्वस्थ पशुहरुबाट छुट्याएर राख्नुपर्छ
- छुट्टै भाँडाकुडाँ प्रयोग गर्ने र कामदार पनि छुट्टै खटाइनु पर्छ ।
- गोठमा काम गर्ने बाहेक अरु कसैलाई पनि गोठ भित्र छिर्न दिनुहुन्न ।
- गोठमा सबै तिर चुन छरेर गोठलाई ओभानो राख्नुपर्छ ।
- गोठमा फिनेल पानी छर्नुका साथै अन्य प्रतिरोधात्मक स्प्रेहरु पनि प्रयोग गर्नुपर्छ ।

**रोगबाट बच्ने उपायः**

सर्वप्रथम रोग लाग्न नदिनु नै प्रमुख उपाय हो । यसका लागि समयनुकुल खोरेत बिरुद्धको भ्याक्सिन लगाउनु नै हो । यो भ्याक्सिन वार्षिक दुईपटक हिउँद र बर्खा याम छुट्टिने समय अगावै सचेत भएर आ-आफ्ना वडा तथा नगरपालिकामा सम्पर्क गरी सम्पुर्ण खुरफट्टा पशुहरुमा लगाई हाल्नुपर्छ । यति मात्र नभई गोठको सरसफाई र जैबिक सुरक्षाका विधिहरुमा रोग लागेपछी मात्र नभई सधैं ध्यान दिनुपर्छ ।

महाकाली नगरपालिका खलंगा,दार्चुला

ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com,
website www.mahakalimundarchula.gov.np
Facebook page: https://www.facebook.com/mahakalimun
फोन नं०९३-४२०१३७,टोलफ्री न. १६६०९३४२१३७